नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
( ........................................ शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पो.ब. नं. – ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या : –
चलानी नं. : –

## चितवन राष्ट्रिय निकुञ्जमा आन्तरिक स्थानान्तरण एवं कोशीटप्पु वन्यजन्तु आरक्षमा गैंडाको स्थानान्तरण सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

(२०८०।१२।०१)

भारतीय महाद्वीपको उत्तरी क्षेत्र अन्तरगत बम्हपुत्र, इन्दुस र गंगा नदीको बहाव क्षेत्रमा विचरण गर्ने ठूलो एकसिंगे गैंडा Greater one-horned rhinoceros (*Rhinoceros unicornis*) हाल नेपालको तराई भूपरिधि क्षेत्र तथा भारतको संरक्षित क्षेत्रमा सीमित हुन पुगेको छ । विश्वमा करीब ४००० को संख्या रहेको गैंडा नेपालमा सन् २०२२ को राष्ट्रिय गैंडा गणना बमोजिम ७५२ (चितवन राष्ट्रिय निकुञ्ज ६९४, बर्दिया राष्ट्रिय निकुञ्ज ३८, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज १७ र पर्सा राष्ट्रिय निकुञ्ज ३) पाईएको छ ।

यो प्रजाति आयुसिएन (IUCN Red List of Threatened Species – Vulnerable) को संवेदनशील वर्गमा, साईटिसको (CITES Appendix-I) अनुसूची १ मा र नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ (संरक्षित वन्यजन्तु) मा पर्दछ । गैंडाको खागको लागि हुने चोरीशिकार, वासस्थानको विनास एवं ह्रास र जलवायू परिवर्तनको प्रभाव यसको संरक्षणको लागि मुख्य चुनौती देखिएको छ ।

गैंडाको वैकल्पिक संख्या subpopulation तयार गर्ने उद्देश्यले सन् १९८६ देखि २०२३ सम्म चितवन राष्ट्रिय निकुञ्जबाट बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षमा गरी जम्मा १०२ वटा गैंडाहरु स्थानान्तरण गरिएको छ ।

चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्रमा गैंडाको घनत्व बढी भई यसको वृद्धि दरमा ह्रास आएको सम्बन्धमा गरिएको अध्ययन (आन्तरिक स्थानान्तरणको सम्भाव्यता अध्ययन) को आधारमा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८०/१०/२४ को निर्णयानुसार चितवन राष्ट्रिय निकुञ्जको पश्चिम क्षेत्रबाट पूर्वी क्षेत्रमा ६ वटा गैंडा स्थानान्तरण गर्ने कार्य मिति २०८०/१२/०२ देखि प्रारम्भ गरिएको छ । यस स्थानान्तरणबाट गैंडाको संख्याको वृद्धि दर population growth rate बढ्नुको साथै उपलब्ध वासस्थानको उच्चतम् प्रयोगमा आउने अपेक्षा राखिएको छ ।

साथै सम्भाव्यता अध्ययन पश्चात कोशीटप्पु वन्यजन्तु आरक्षमा Rhino Sanctuary को विकास गर्ने लक्ष्य अनुसार वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८०/०६/०८ को निर्णयानुसार चितवन राष्ट्रिय निकुञ्जबाट दुई वटा पोथी गैंडा (पुष्पा र अन्जली) लाई मिति २०८०/०६/१० गते विश्व पर्यटन दिवसको अवसरमा स्थानान्तरण गरिएको छ । अहिले थप एक वटा भाले गैंडा तहाँ आरक्षमा स्थानान्तरण गर्न लागिएको हो । यसबाट तहाँ आरक्षमा Rhino Sanctuary को विकासको क्रमसँगै गैंडाको प्रजनन भई दीगो संरक्षण एवं व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।

श्याम कुमार शाह
सूचना अधिकारी एवं वरिष्ठ इकोलोजिष्ट